Amritology 17-01-2015 Nepali

## होली हंस (पवित्र हंस) आत्माको पावर हाउससँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ । म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु ।

### म को हुँ?

म होली हंस आत्मा हुँ । ज्ञानका रत्न र प्यारका मोती मेरा भोजन हुन् । म पावर हाउससँग जोडिएर परख गर्ने (चिन्ने) शक्तिले स्वयंलाई भरपूर गरिरहेको छु ।

### म कसको हुँ? 1.) आत्माको बाबासँग कुराकानी

मीठे बाबा– गुड मर्निङ्ग । मैले यो जानिसकें कि माया बडो चलाख छ । खासगरी अमृतवेला मायाले मलाई हजुरबाट टाढा गराउने कोशिश गर्दछ । मायाले मलाई बहानाको खेल खेलाएर अलमल्याउदँछ । साथै ऊ हेल्चेक्र्याइं र आलस्यका भिन्न–भिन्न रुपसहित चाल चल्दछ । मलाई अब समझ आइसकेको छ– माया कसरी आउँछ । यसैले, म मायादेखि टाढै रहन्छु । हजुरसँगको सुवर्ण मौका पाएर मलाई सबै कुरा मिलेको छ, बाबा ।

### 2. बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! जाग ! मसँग बस । परख गर्ने (छुट्याउने) शक्तिद्वारा तिम्रो जीवन सरल बन्दछ । तिमी यो ध्यान राख– मायाले तिमीबाट तिम्रो सहज योगी जीवनलाई नछिनोस् । मायाले तिम्रो भोलापनका कारण भगवान्द्वारा मिलेको परख गर्ने शक्तिरुपी सौगातलाई नचोरोस् । मायाबाट आफ्नो सम्हाल गर । परख गर्ने शक्ति परमात्माको सौगात हो, जो तिम्रा लागि छत्रछाया हो । मायाको छाया परेपछि छाता उड्दछ र केवल छाया रहन्छ । तर पावर हाउसद्वारा मिलेको परख गर्ने शक्तिले न दुःख हुन्छ, न धोका खानुपर्छ । जोसँग परख गर्ने शक्ति छ, ऊ विपरीत परिस्थितिमा पनि सुरक्षित रहन्छ । अमृतवेलाको समयमा चेक गर– तिम्रो परख गर्ने शक्ति ठीक तरिकाले काम गरिरहेको छ वा छैन । यसलाई अमृतवेलामा सुधार, जसकारण तिम्रो सारा दिन शक्तिशाली बनिरहोस् ।

### बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा शान्तिका सागर हुनुहुन्छ । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु ।

### बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरुप स्पष्ट देखिइरहेको छ । बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई वरदान दिइरहनुभएको छ :– तिमी सदा स्वयंलाई विशेष आत्मा सम्झिएर, हर एकमा विशेषता देख्दछौ र वर्णन गर्दछौ । यस कारण तिमी सदा ईश्वरीय रोयल्टीले (श्रेष्ठताले) चम्किइरहन्छौ साथै सबै दिललाई दिव्यताले भरिदिन्छौ ।

### बेहदको सूक्ष्म सेवा : आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, म पूरै विश्वलाई दान दिइरहेको छु । आफ्नो फरिस्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरुलाई यो वरदान दिइरहेको छु ।

### राती सुत्नुभन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं । चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं । कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं । ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं । आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं ।